# कोभिड १९ केशको आइसोलेसन व्यवस्थापन सम्बन्धि निर्देशिका

# COVID-19 Cases Isolation Management Guidelines

(स्वीकृत मितिः २०७७/०२/२०)

नेपाल सरकार

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

# कोभिड १९ केशको आइसोलेसन व्यवस्थापन सम्बन्धी निर्देशिका

## १. सन्दर्भः

कोभिड १९ का बिरामीहरू दिन प्रतिदिन बढ्दै गइरहेको अवस्थामा कोभिड १९ केश व्यवस्थापनलाई थप प्रभावकारी बनाई गैर कोभिड स्वास्थ्य सेवाहरूलाई समेत नियमित गर्न आवश्यक भएकाले "कोभिड-१९ महामारी रोकथाम तथा व्यवस्थापनमा स्वास्थ्य क्षेत्रको आपतकालीन योजना" ले मार्ग निर्देशन गरे तथा संक्रामक रोग ऐन २०२० को दफा २ को उपदफा (३) को मर्मअनुरूप देहाय बमोजिम यो निर्देशिका जारी गरिएको छ ।

## २. मार्ग निर्देशनहरूः

### २.१. अस्पतालहरूमा आइसोलेसन सम्बन्धी व्यवस्थाः

क) हरेक अस्पतालले आईसोलेसनकालागि देहाय बमोजिम व्यवस्था मिलाउनु पर्नेछः

१) हरेक अस्पतालले मुख्य प्रवेश द्वारमा Screening point राखि तापक्रम र अन्य स्वास्थ्य जानकारी (health and travel history) का आधारमा सेवा लिन आउने व्यक्तिहरूलाई हरियो र पहेंलो समूहमा वर्गीकरण गरी कार्ड दिने व्यवस्था मिलाउने,

२) हरियो कार्ड भएका सेवाग्राहीहरूलाई नियमित सेवा युनिटहरूमा सेवा लिन पठाउने र पहेंलो कार्ड भएका सेवाग्राहीहरूलाई pre-isolation ward मा कोभिड screening का लागि पठाउने,

३) पहेंलो कार्ड भएका सेवाग्राहीहरूलाई सेवा दिने र थप जानकारीका आधारमा कोभिड शंकास्पद भए नभएको यकिन गर्ने र शंकास्पद व्यक्तिलाई pre-isolation ward वार्डमा राखि स्वाब संकलन गरी परीक्षणका लागि पठाउने ।

४) परीक्षणको नतिजा पोजिटिभ आएमा asymptomatic, mild, moderate, severe र critical के हो सोको यकिन गर्ने ।

५) घरमै आइसोलेसन बस्न सक्ने सम्भव छ भने asymptomatic र mild केशहरूलाई २.२ अनुसारका प्रक्रिया पुरा गरी घरमा पठाउने । यदि सो सम्भव नभएमा सोही अस्पतालको isolation वार्डमा राखि उपचार गर्ने ।

६) Moderate केशहरूलाई लेभल १ र severe र critical केशहरूलाई लेभल २ अस्पतालहरूमा उपचारका लागि प्रेषण गर्ने ।

७) यदि पोजिटिभ केशहरूको अन्य बहु-विशेषज्ञ सेवा आवश्यक भए लेभल ३ अस्पतालमा प्रेषण गर्ने ।

ख) हरेक अस्पतालहरूले कोभिड १९ का asymptomatic र mild केशहरूको व्यवस्थापन गर्न छुट्टै आइसोलेसन वार्ड बनाउनु पर्नेछ, यसो गर्दा हाल उपलब्ध संरचनाहरूलाई पुर्नव्यवस्थित गरी प्रयोगमा ल्याउनु पर्नेछ, उक्त आइसोलेसन वार्डमा सुरक्षाकर्मी सहित प्रवेश र बाहिर निस्कने द्वार हुनु पर्नेछ ।

ग) अस्पतालमा आकस्मिक सर्जरी गर्नु परेमा कोभिड१९ पोजिटिभ लागि लिनु पर्ने व्यक्तिगत बचावटका उपायहरू अपनाई सेवा दिने र इलेक्टिभ सर्जरीको हकमा RT-PCR टेस्ट गर्ने व्यवस्था मिलाउने ।

## २.२. घरमा आइसोलेसन राख्ने सम्बन्धमा:

हालसम्म कोभिड १९ को महामारी भोगिरहेका अन्य देशहरूको अनुभवबाट पाठ सिक्दै उपलब्ध अस्पतालहरूको सीमित क्षमतालाई समेत मध्यनजर गरी लक्षण तथा चिन्हहरू नभएका (asymptomatic) र सामान्य लक्षण तथा चिन्हहरू भएका (mild) केशहरूको घरमै राखि समेत व्यवस्थापन गर्न सकिने देखिन्छ। तसर्थ, हाललाई देहायको मापदण्डहरूको पूर्ण पालना हुने अवस्थाको सुनिश्चितता भएमा सम्बन्धित स्वास्थ्यकर्मीले सो निर्देशन दिन सक्नेछन् ।

क) घरमै आईसोलेसनमा बस्नका लागि निजले पालना गर्नु पर्ने पक्षहरूको बारेमा मन्जुरीनामा गराई आईसोलेसनमा राख्न सकिनेछ,

ख) पालना गर्नु पर्ने विषयहरू:

१) हावा खेल्ने तथा प्रकाश पर्याप्त आउने छुट्टै कोठामा राख्ने व्यवस्था मिलाउने,

२) उपचार अवधिभरि बाहिर ननिस्कने र आवश्यक पर्ने सामग्रीहरू परिवारका सदस्यहरू मार्फत मगाउने,

३)	खानपानको व्यवस्थामा विशेष सावधानी अपनाउनु पर्नेछ जस्तैः पर्याप्त मात्रामा पानी, झोलिलो र पोसिलो खानेकुराहरू खाने ।

४)	प्रयोग गरिएका भाडाहरू सुरक्षितरूपले सफा गर्ने र राम्रो सँग सुकेपछि मात्रै पुनः प्रयोग गर्ने,

५)	स्नानघर/शौचालयको छुट्टै व्यवस्था मिलाउने र सामुहिकरूपमा प्रयोग गर्नु पर्ने अवस्था भएमा प्रत्येक प्रयोग पछि सरसफाइमा प्रयोग हुने disinfectant ले राम्रो सँग सफा गरे पश्चात् मात्रै अन्य सदस्यले प्रयोग गर्ने,

६)	हात धुने बेसिनहरु संक्रमणको श्रोत हुनसक्ने पर्याप्त जानकारी गराई दाँत माझ्ने ब्रस लगायतका समानहरू राख्न छुट्टै बेसिनको प्रयोग गर्ने,

७)	धेरै प्रयोग हुने चीजहरू जस्तै ढोका, मेसिनका ह्यान्डल, टेबल तथा अन्य सामग्रीहरू जुन धेरै व्यक्तिहरूले चलाउने वा छुने सम्भावना रहन्छ ती सामानहरूको डिसइन्फेक्टेन्ट प्रयोग गरी नियमित सफा गर्ने,

८)	हात धुने साबुन र पानीको पर्याप्त व्यवस्था गर्नु पर्ने र सबै सदस्यहरूले समय समयमा सफा गर्ने,

९)	भाँडाकुँडा, कपडा धुनकालागि पञ्जा लगाएर धुने वा मसिनमा छुट्टै धुने र राम्रो सँग घाममा सुकाउने,

१०)	निजको हेरचाह र प्रत्यक्ष सम्पर्कमा रहने व्यक्ति र निजले अनिवार्य रूपमा मेडिकल मास्क प्रयोग गर्ने,

११)	बढी जोखिममा रहने समूहहरू जस्तैः दीर्घरोगीहरू, ६० वर्ष माथिका जेष्ठ नागरिकहरू, गर्भवती तथा सुत्केरी महिलाहरूलाई निजको सम्पर्कबाट टाढा राख्नु पर्नेछ,

१२)	दिनमा कम्तीमा ३ पटक ज्वरो जाँच गरी रेकर्ड राख्ने ।

१३)	हरेक दिन दुईपटक आफ्नो स्वास्थ्य अवस्थाको बारेमा सम्बन्धित स्वास्थ्यकर्मीलाई फोन वा एस.एम.एस. बाट जानकारी गराउने

१४)	निम्न अवस्थाहरू देखिएमा निज वा निजको हेरचाहमा संलग्न व्यक्तिले तुरुन्तै सम्बन्धित स्वास्थ्यकर्मीलाई जानकारी दिनुपर्नेछः

- श्वासप्रश्वासमा कठिनाइ भएमा,
- छाती दुखे वा भारी महसुस भएमा,
- ओठ तथा अनुहार नीलो देखिएमा,
- होस हराएमा,
- अन्य कुनै जटिल अवस्था देखिएमा ।

ग) घरमा रहेका बिरामीहरूको नियमित अनुगमनः

१) सम्बन्धित स्वास्थ्यकर्मीले हरेक दिन फोन वा एस.एम.एस. बाट बिरामीको स्वास्थ्य अवस्थाको जानकारी लिने र आवश्यक परामर्श दिइ अभिलेख व्यवस्थित गर्ने ।

**नोटः** होटेलमा आईसोलेसनमा बस्नका लागि समेत उल्लेखित मापदण्ड र विधिहरू पालना गर्नुपर्ने हुन्छ ।

## २.३. आईसोलेसनबाट छुट्ने सम्बन्धमाः

क) लक्षणहरू तथा चिन्हहरू नदेखिएको (asymptomatic cases) केशको हकमा आईसोलेसनमा बसेको १४ दिन पछि

ख) सामान्य लक्षण तथा चिन्हहरू देखिएको (mild cases) केशको हकमा कम्तीमा १४ दिन पछि लक्षण तथा चिन्हहरू पुर्ण निको भएको ३ दिन पछि

ग) यसरी आईसोलेसनबाट हटाउँदा सोको सूचना अद्यावधिक अभिलेख राखि सम्बन्धित चिकित्सक/स्वास्थ्यकर्मीले प्रमाणिकरण गर्नु पर्नेछ।

## २.४. विविधः

क) स्वास्थ्य संस्थाहरूमा नियमित सेवाहरू कुनै पनि कारणले अवरुद्ध वा संस्था सिल गर्न पाइने छैन । Pre-isolation वार्ड वा नियमित सेवा दिने युनिटमा कुनै व्यक्ति कोभिड पोजिटिभ देखिएमा २ घण्टा भित्रमा उक्त स्थानलाई उचित सामग्रीको प्रयोग गरी disinfect गर्ने र अविलम्ब पुनः सेवा सुचारु गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

ख) यो निर्देशिका आवश्यकता अनुसार समय समयमा अद्यावधिक गर्दै लगिनेछ ।

■